फो.नं.४२००४६०
सिंहदरवार काठमाडौं

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( आर्थिक प्रशासन शाखा )

प.सं. :-२०७७/७८
च.नं. :-२६

मितिः- २०७७/०४/२१

विषयः- साविक जिल्ला विकास समितिको कार्यालयमा स्थायी नियुक्ती भएका कर्मचारिको अवकाश भुक्तानी वारे।

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै),

साविकका जिल्ला विकास समितिको कार्यालयमा स्थायी नियुक्ती भई कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम गाउँपालिक तथा नगरपालिकामा समायोजन भएका र कानून वमोजिम सम्वत २०७७ असार मसान्त भित्र अवकाश प्राप्त कर्मचारीहरुको अवकाश प्राप्त भए पश्चात प्राप्त गर्ने उपदान, सञ्चित विदा तथा उपचार खर्च रकम भुक्तानी सम्वन्धमा यस मन्त्रालयको स्थानीय तह समन्वय शाखाको च.नं.०५ मिति २०७७/०४/०४ को पत्रवाट गरिएको पत्राचारको सम्वन्धमा तपसिल अनुसार कागजात सहित आवश्यक फायल तयार गरि पठाउनु हुन थप प्रष्ट पारिएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

तपसिल

१. कर्मचारी नोकरी सम्वन्धि स्थायी नियुक्ती, वढुवा, सरुवा, रमाना, समायोजन, हाजिर भएको जानकारी, राजिनामा स्वीकृत भएको पत्र वा अनिवार्य अवकास भएको पत्र जस्ता कागजात संलग्न हुनु पर्ने ।

२. यसअघि कल्याण कोषवाट भुक्तानी प्राप्त भएको ( भुक्तानी, पेश्की वा जुन सुकै तवरवाट भुक्तानी भएको ) रकम पछि फरक नपर्ने गरी यकिन गरिएको विवरण ।

३. कर्मचारी कल्याण कोषमा हाल मौजदात रहेको यकिन रकम ( कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित भएको हुनु पर्ने )

४. कर्मचारी सेवामा रहदा कार्यालयवाट वुझिलिएको जिन्सी, नगदी तथा वेरुजु फछ्यौंट तथा वरवुझारथ सम्वन्धी विवरण ।

५. २०५८ चैत्र १८ गते सम्म संचित रहेको तथा सो पछि पाकेको खुल्ने गरि संचित रहेको घरविदा र विरामी विदाको प्रमाणित अभिलेख।

६. उपरोक्त विवरण अनुसारको अभिलेखको आधारमा भुक्तानी पाउन वाँकी रहेको संचित विदा, औषधि उपचार खर्च तथा उपदान वापत भुक्तानी पाउन बाँकी एकिन रकम ( सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित भए अनुसार ) भुक्तानी दिन प्रत्येक कर्मचारीको लागि छुट्टा छुट्टै फायल तयार गरी राय सहितको टिप्पणी ।

७. सम्वत २०७७ असार मसान्त अवकाश प्राप्त गरेका कर्मचारीहरुको यकिन विवरण २०७७ भाद्र मसान्त भित्रमा पठाउनु पर्नेछ । प्राप्त विवरण अनुसारको एकमुष्ठ रकम एकिन गरी वजेट निकासाको लागि अर्थ मन्त्रालयमा पठाउनु पर्ने भएको हुँदा भुक्तानी दिन वाँकी भए सो को विवरण समयमै र भुक्तानी दिन वाँकी नभए सोही अनुसारको व्यहोरा उल्लेख गरि पठाउने ।

२०७७/४/२१

उमेश्वर प्रसाद काफ्ले
लेखा अधिकृत

वोधार्थः-

श्री महालेखा नियन्त्रक कार्यालय अनामनगरः- **कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई आवश्यक निर्देशनकोलागि** ।

श्री स्थानीय तह समन्वय शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

श्री सूचना तथा प्रविधि शाखा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः पत्र बेभसाइटमा अपलोड गरिदिनु हुन ।